# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
# व्यावसायिक तथा सिप विकास तालिम केन्द्र
# पोखरा, कास्की

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिमको त्रैमासिक स्वतः प्रकाशन विवरण

## १. कार्यालयको परिचय, उद्देश्य र कार्यक्षेत्र

व्यावसायिक तथा सीपमूलक तालिम कुनै पनि देशको आर्थिक समृद्धि, गरिबी निवारण र दिगो विकासको प्रमुख सम्वाहक हो। यसले बेरोजगार युवा, महिला, सीमान्तकृत समुदाय तथा श्रम बजारमा प्रवेश गर्न चाहने व्यक्तिहरूलाई व्यवहारिक ज्ञान, सीप र दक्षता प्रदान गरी उत्पादनशील रोजगारी, स्वरोजगार र उद्यमशीलतासँग जोड्ने कार्य गर्दछ। आधुनिक श्रम बजारको परिवर्तनशील माग अनुरूप दक्ष, प्रतिस्पर्धी र प्रविधिमैत्री जनशक्ति तयार पार्न व्यावसायिक तथा सीप विकास तालिम प्रणालीको महत्वपूर्ण भूमिका रहन्छ।

नेपालमा व्यावसायिक तथा सीपमूलक तालिमको संस्थागत इतिहास योजनाबद्ध विकासको सुरुवातसँगै अघि बढेको पाइन्छ। वि.सं. २०१३ मा प्रथम पञ्चवर्षीय योजना लागू भएपछि देश निर्माणका लागि दक्ष प्राविधिक तथा सीपयुक्त जनशक्तिको आवश्यकता महसुस गरियो। यसै अनुरूप उद्योगहरूमा नेपाली श्रमिकहरूलाई प्राथमिकता दिन र बेरोजगारी घटाउने उद्देश्यका साथ वि.सं. २०१६ सालमा विराटनगरमा पहिलो पटक 'व्यावसायिक प्रशिक्षण केन्द्र' को स्थापना गरियो। यो नै नेपालमा व्यावसायिक तालिम दिने पहिलो औपचारिक सरकारी निकाय थियो।

तत्पश्चात, औद्योगिक कोरिडोरका रूपमा विकास हुँदै गरेको हेटौंडामा वि.सं. २०२२ मा र काठमाडौंमा वि.सं. २०२४ मा (केश कर्तन लगायतका विशिष्टीकृत सीप समेटेर) तालिम केन्द्रहरूको विस्तार गरियो। पश्चिमाञ्चल क्षेत्रका युवाहरूलाई लक्षित गर्दै राष्ट्रिय अभियान अन्तर्गत **वि.सं. २०४२ सालमा पोखरामा व्यावसायिक तालिम केन्द्रको स्थापना** भयो।

वि.सं. २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को स्थापना भएपछि सीप विकासका कार्यक्रमहरूलाई थप व्यवस्थित गरियो। वि.सं. २०७५ मा केन्द्रीय स्तरको निकायलाई 'राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान' को रूपमा स्तरोन्नति गरियो भने देश संघीय ढाँचामा रूपान्तरण भएपछि साविकका १५ वटा व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरूलाई नेपाल सरकारले प्रदेश सरकार मातहत हस्तान्तरण गर्यो। सोही अनुसार हाल यो केन्द्रले गण्डकी प्रदेश सरकारको **सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय** मातहत रहेर प्रादेशिक आवश्यकता अनुसार निःशुल्क सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको छ।

**मुख्य उद्देश्य:** गण्डकी प्रदेशभित्रका बेरोजगार युवा, महिला, सीमान्तकृत समुदाय तथा श्रम बजारमा प्रवेश गर्न चाहने व्यक्तिहरूलाई आधुनिक श्रम बजारको माग अनुरूप व्यावहारिक,

प्राविधिक तथा सीपमूलक तालिम प्रदान गरी उत्पादनशील रोजगारी, स्वरोजगार र उद्यमशीलतासँग जोड्ने।

**कार्यक्षेत्र:** गण्डकी प्रदेशका ७ जिल्लाहरू।

**२. सांगठनिक संरचना र दरबन्दी तेरिज**

कार्यालयको कार्यप्रकृति र कार्यबोझलाई व्यवस्थित गर्न स्वीकृत सांगठनिक संरचनाअनुसार देहायबमोजिमका शाखा तथा दरबन्दीहरू कायम गरिएका छन्:

**केन्द्र प्रमुख:** कार्यालय प्रमुख (अधिकृत सातौँ/आठौँ) को नेतृत्वमा समग्र प्रशासनिक तथा प्राविधिक सञ्चालन।

**शाखागत विभाजन:**

प्रशासन तथा आर्थिक शाखा (प्रशासन, लेखा, जिन्सी तथा सामान्य प्रशासन)

तालिम तथा पाठ्यक्रम विकास शाखा (लामो तथा छोटो अवधिका तालिम सञ्चालन, प्रशिक्षक व्यवस्थापन)

अनुगमन, रोजगार तथा बजार समन्वय शाखा (रोजगारदातासँग समन्वय, अनुगमन तथा मूल्यांकन)

**स्वीकृत दरबन्दी विवरण:** कार्यालयमा जम्मा १० वटा अस्थायी/स्थायी दरबन्दीहरू स्वीकृत छन् जसमा प्रशासनिक तथा प्राविधिक (कम्प्युटर, मोबाइल/इलेक्ट्रोनिक्स, प्लम्बिङ, सौन्दर्य कला आदि) पदहरू रहेका छन्।

**३. कार्यरत कर्मचारीहरूको विवरण**

**<u>व्यावसायिक तथा सीप विकास तालिम केन्द्रमा कार्यरत कर्मचारी विवरण</u>**

| क्र.सं. | नाम थर | पद | तह | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनिल सुवेदी | केन्द्र प्रमुख | आठौं | ९८५६०८५५११ | |
| २ | विष्णु देवी पोखरेल | अधिकृत छैटौ | छैटौ | ९८५६०६४५११ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विनोद रेग्मी | लेखा अधिकृत छैटौं | छैटौ | ९८५७६५०२७२ | |
| ४ | कृष्ण प्रसाद थापा | प्र.प्लम्विङ्ग | पाँचौ | ९८४६७११३६३ | |
| ५ | गीता वस्याल | प्र. कम्प्यूटर | पाँचौ | ९८४६१०७७२४ | |
| ६ | सुवास लामिछाने | प्र.मोवाइल मर्मत | पाँचौ | ९८५७६७०११७ | |
| ७ | याम कुमारी राना | स.प्र.केश श्रृंङ्गार | चौथो | ९८५६०१०४४५ | |
| ८ | डिलमाया पुन | का.स. | श्रेणीविहिन | ९८२७१२३२२१ | |
| ९ | डम बहादुर पुन | का.स. | श्रेणीविहिन | ९८४६०८७२४९ | |

**४. कार्यालयबाट प्रदान गरिने सेवा तथा तालिम कार्यक्रमहरू**

- **सिलाई-कटाई तथा फेशन डिजाइनिङ:**
    - साधारण सिलाई-कटाई (Basic Tailoring)
    - एडभान्स सिलाई-कटाई / फेशन डिजाइनिङ
- **सौन्दर्य कला (Beautician):**
    - आधारभूत ब्युटिसियन (Basic Beautician)
    - एडभान्स ब्युटिसियन / हेयर ड्रेसिङ
- **कम्प्युटर तथा सूचना प्रविधि:**
    - आधारभूत कम्प्युटर (Basic Computer Application)
- **विद्युतीय तथा प्राविधिक तालिम:**
    - हाउस वारिङ (Electrician / House Wiring)
    - मोबाइल रिपेयरिङ
    - मर्मत-सम्भार (टेलिभिजन, फ्रिज, एसी आदि)

- **भवन निर्माण तथा प्राविधिक सिप:**
  - प्लम्बिङ (Plumbing / खानेपानी जडान)
  - कारपेन्ट्री / मर्मत-सम्भार
  - टाइल तथा मार्बल फिटिङ
- **आतिथ्य तथा पाक कला (Hospitality & Culinary Arts):**
  - कुक (Basic / Advance Cook)
  - बेकरी (Bakery & Confectionery)
  - वेट्रेस/वेटर तालिम (Food & Beverage Service)
- **सवारी साधन तथा यान्त्रिक मर्मत:**
  - अटोमोबाइल मर्मत (फोर-विहिलर / टु-विहिलर मेकानिक)
  - वेल्डिङ (Arc / Gas Welding)
- **सम्बन्धित अन्य व्यावसायिक सिप:**
  - हस्तकला तथा मन्टेश्वरी तालिम (आवश्यकता अनुसार)

**सञ्चालन हुने तालिमका विधा:**

मोबाइल तथा ल्यापटप मर्मत तालिम

कम्प्युटर हार्डवेयर, सफ्टवेयर तथा नेटवर्किङ तालिम

प्लम्बिङ तथा इलेक्ट्रीसियन तालिम

केश शृङ्गार (Beauty Parlour) तथा सिलाइ-कटाइ तालिम

**तालिमका मुख्य विशेषताहरू:**

बजारको माग र प्रविधिमैत्री पाठ्यक्रममा आधारित प्रयोगात्मक कक्षा।प्राच

मितव्ययिता अपनाउन कार्यलय भयका प्रशिक्षक बाहेक अन्य तालिमको लागि रोस्टरबाट बाह्य विशेषज्ञ प्रशिक्षकहरूसँग करार सम्झौता गरी तालिम सञ्चालन।

तालिम पश्चात प्रशिक्षार्थीहरूलाई स्वरोजगार तथा रोजगार बजारसँग जोड्न सहजीकरण।

**५. सेवा प्राप्त गर्ने कार्यविधि, समय र शुल्क**

**सूचना तथा आवेदन:** तालिम सञ्चालनपूर्व राष्ट्रिय वा स्थानीयस्तरमा सार्वजनिक सूचना प्रकाशन गरिन्छ। तोकिएको मितिभित्र अनलाइन वा कार्यालयमा भौतिक रूपमा फारम पेस गर्नुपर्दछ।

**छनोट प्रक्रिया:** निर्धारित निर्देशिका तथा समावेशी मापदण्डका आधारमा निष्पक्ष रूपमा प्रशिक्षार्थीहरूको छनोट गरिन्छ।

**शुल्क तथा अवधि:** तालिमहरू पूर्ण रूपमा निःशुल्क सञ्चालन हुन्छन्। तालिमको अवधि विषयगत रूपमा १५ दिनदेखि ३ महिनासम्मको हुने गर्दछ।

## ६. आर्थिक विवरण (बजेट, खर्च तथा लेखापरीक्षण)

प्रदेश सरकार,गण्डकी प्रदेश
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
व्यवसायीक तथा सीप विकास कार्यालय, पोखरा
कार्यालय कोड नं : ३५००१३९०३४
आ व ०८२/०८३ वार्षिक प्रगति प्रतिवेदन

बजेट उपशीर्षक नम्बर: ३५००००१३३/४

| क्र स | खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | वितिय प्रगति % | भौतिक प्रगति % | बाँकी बजेट | कार्यक्रम सख्या | तालिम लिएका प्रशिक्षार्थी सख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | २११११ पारिश्रमिक कर्मचारी | ३,०८७,०००.०० | २,६१२,८६४.९० | ८४.६४ | १००.०० | ४७४,१३५.१० | | |
| २ | २११२१ पोशाक | ५०,०००.०० | ३०,०००.०० | ६०.० | १००.०० | २०,०००.०० | | |
| ३ | २११३२ महंगी भत्ता | ३००,०००.०० | २३५,०००.०० | ७८.३३ | १००.०० | ६५,०००.०० | | |
| ४ | २११३४ कर्मचारीको बैठक भत्ता | १००,०००.०० | १००,०००.०० | १००.० | १००.०० | ०.०० | | |
| ५ | २११३९ अन्य भत्ता | ३०,०००.०० | ४,४००.०० | १४.६७ | १००.०० | २५,६००.०० | | |
| ६ | २१२११ सामाजिक सुरक्षा कोष खर्च | ३२१,०००.०० | १००,०५२.८८ | ३१.१७ | १००.०० | २२०,९४७.१२ | | |
| ७ | २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १२०,०००.०० | ०.०० | ०.० | ०.०० | १२०,०००.०० | | |
| ८ | २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १५,०००.०० | ०.०० | ०.० | ०.०० | १५,०००.०० | | |
| ९ | २२१११ पानी तथा बिजुली | २३०,०००.०० | २२९,२७२.०० | ९९.६८ | १००.०० | ७२८.०० | | |
| १० | २२११२ संचार महसुल | १५०,०००.०० | १३०,०००.०० | ८६.६७ | १००.०० | २०,०००.०० | | |
| ११ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २८१,०००.०० | २२४,२१५.०० | ७९.७९ | १००.०० | ५६,७८५.०० | | |
| १२ | २२२१३ सवारी साधन मर्मत खर्च | १००,०००.०० | ६६,४१५.०० | ६६.४२ | १००.०० | ३३,५८५.०० | | |
| १३ | २२२१४ बिमा तथा नवीकरण खर्च | ५९,०००.०० | ३८,५६०.०० | ६५.३६ | १००.०० | २०,४४०.०० | | |
| १४ | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २००,०००.०० | ९९,८४१.०० | ४९.९२ | १००.०० | १००,१५९.०० | | |
| १५ | २२३११मसलन्द तथा कार्यालय सामाग्री | ३३७,०००.०० | २५१,२६८.०० | ७४.५६ | १००.०० | ८५,७३२.०० | | |

| क्र स | खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | वितिय प्रगति % | भौतिक प्रगति % | बाँकी बजेट | कार्यक्रम सख्या | तालिम लिएका प्रशिक्षार्थी सख्या |
|---|---|---|---|---|---|---|---|---|
| १६ | २२३१३ पुस्तक तथा सामग्री खर्च | २०,०००.०० | ०.०० | ०.० | ०.०० | २०,०००.०० | | |
| १७ | २२३१४ इन्धन - अन्य प्रयोजन | ६०,०००.०० | ४७,९२५.०० | ७९.८८ | १००.०० | १२,०७५.०० | | |
| १८ | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २००,०००.०० | ९९,९४७.०० | ४९.९७ | १००.०० | १००,०५३.०० | | |
| १९ | २२३१९ अन्य कार्यालय संचालन खर्च | ५०,०००.०० | ५०,०००.०० | १००.० | १००.०० | ०.०० | | |
| २० | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५०,०००.०० | ०.०० | ०.० | ०.०० | ५०,०००.०० | | |
| २१ | २२४१३ करार सेवा शुल्क | २,६५४,०००.०० | २,०५६,७२२.०० | ७७.५ | १००.०० | ५९७,२७८.०० | | |
| २२ | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १७,५३९,०००.०० | १६,०४२,७०३.०० | ९१.४७ | ९७.४४ | १,४९६,२९७.०० | ३९ | |
| | २.६.४.१३४ मोवाइल मर्मत तालिम(तीन महिने ३९० घण्टा)-कार्यालयका मौजुदा प्रशिक्षकबाट सञ्चालन हुने | १,२००,०००.०० | ७७२,९६८.०० | ६४.४१ | ६६.६६ | ४२७,०३२.०० | ३ | ४१ |
| | २.६.४.१३६ विद्युत जडान/ वायरिङ्ग तालिम(तीन महिने ३९० घण्टा) बाह्य प्रशिक्षकबाट सञ्चालन हुने | १,६५०,०००.०० | १,६१५,६५७.०० | ९७.९२ | १००.०० | ३४,३४३.०० | ३ | ६५ |
| | २.६.४.१३८ कटाइ सिलाइ तालिम(तिन महिने ३९० घण्टा) -बाह्य प्रशिक्षकबाट सञ्चालन हुने | १,६५०,०००.०० | १,४९८,८८१.०० | ९०.८४ | १००.०० | १५१,११९.०० | ३ | ६० |
| | २.६.४.१४१ बुटिक डिजाइन तालिम(तिन महिने ३९० घण्टा) -बाह्य प्रशिक्षकबाट सञ्चालन हुने | ५५०,०००.०० | ४८०,३२१.०० | ८७.३३ | १००.०० | ६९,६७९.०० | १ | २१ |
| | २.६.४.१४२ मोटरसाइकल मर्मत तालिम(तिन महिने ३९० घण्टा)-बाह्य प्रशिक्षकबाट सञ्चालन हुने | १,१००,०००.०० | ९४२,८७४.०० | ८५.७२ | १००.०० | १५७,१२६.०० | २ | ३८ |

| क्र स | खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | वितिय प्रगति % | भौतिक प्रगति % | बाँकी बजेट | कार्यक्रम सख्या | तालिम लिएका प्रशिक्षार्थी सख्या |
|---|---|---|---|---|---|---|---|---|
| | २.६.४.१४५ कपाल काट्ने सैलुन तालिम(तिन महिने ३९० घण्टा)-बाह्य प्रशिक्षकबाट सञ्चालन हुने | १,६५०,०००.०० | १,५७०,१८८.०० | ९५.१६ | १००.०० | ७९,८१२.०० | ३ | ६६ |
| | २.६.४.१४६१५ कार्यदिने मिनिटेलर मर्मत तालिम | ७२०,०००.०० | ७०४,७५७.०० | ९७.८८ | १००.०० | १५,२४३.०० | ४ | ८६ |
| | २.६.४.१४७ मागको आधारमा छोटो अवधिको तालिम सञ्चालन (१५ दिन देखि ४५ दिन सम्म) | ५९८,०००.०० | ५३८,८३४.०० | ९०.११ | १००.०० | ५९,१६६.०० | ३ | ६३ |
| | २.६.४.१९४ कुक तालिम ३९० घण्टा वाह्य प्रशिक्षक | १,१००,०००.०० | १,०९९,२२३.०० | ९९.९३ | १००.०० | ७७७.०० | २ | ४६ |
| | २.६.४.२४३ आधारभूत कम्प्युटर तालिम (३९० घण्टा)-कार्यालयका मौजुदा प्रशिक्षकबाट सञ्चालन हुने | ३७१,०००.०० | ३२१,४२६.०० | ८६.६४ | १००.०० | ४९,५७४.०० | १ | २० |
| | २.६.४.२५७ मागमा आधारित विभिन्न स्थानमा सञ्चालन गरिने तालिम मन्टेश्वरि र एडभान्स पार्लर ३९० घण्टा | १,६५०,०००.०० | १,४९०,०१८.०० | ९०.३ | १००.०० | १५९,९८२.०० | ३ | ६५ |
| | २.६.४.२९५ व्युटिपार्लर तालिम (तीन महिने ३९० घण्टा) कार्यालयका मौजुदा प्रशिक्षकबाट सञ्चालन हुने | ८००,०००.०० | ७८६,३३५.०० | ९८.२९ | १००.०० | १३,६६५.०० | २ | ४१ |
| | २.६.४.२९६ प्लम्बिङ तालिम (तीन महिने ३९० घण्टा) कार्यालयका मौजुदा प्रशिक्षकबाट सञ्चालन हुने | १,२००,०००.०० | १,१५७,७७२.०० | ९६.४८ | १००.०० | ४२,२२८.०० | ३ | ५९ |
| | २.६.४.२९९ प्लम्विङ तालिम ३९० घण्टा वाह्य प्रशिक्षक | १,१००,०००.०० | १,०१३,४५८.०० | ९२.१३ | १००.०० | ८६,५४२.०० | २ | ४३ |
| | २.६.४.३५१ आटोमोवाईल तालिम बाह्य प्रशिक्षकबाट ३९० घण्टे | १,१००,०००.०० | १,०९२,५२७.०० | ९९.३२ | १००.०० | ७,४७३.०० | २ | ३९ |

| क्र स | खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | जम्मा खर्च | वितिय प्रगति % | भौतिक प्रगति % | बाँकी बजेट | कार्यक्रम सख्या | तालिम लिएका प्रशिक्षार्थी सख्या |
|---|---|---|---|---|---|---|---|---|
| | २.६.४.३५३ महिलाहरु (विपन्न/एकल/हिंसा पिडित/सिमान्तकृत आदी) को लागि सीप तथा व्यवसायिकता विकास तालिम ३९० घण्टा मन्टेश्वरि | ५५०,०००.०० | ५०५,६५७.०० | ९१.९४ | १००.०० | ४४,३४३.०० | १ | २५ |
| | २.६.४.३५४ जुत्ता चप्पल बनाउने ३९० घण्टे तालिम | ५५०,०००.०० | ४५१,८०७.०० | ८२.१५ | १००.०० | ९८,१९३.०० | १ | १८ |
| २३ | २२६११ अनुगमन, मूल्यांकन खर्च | २९०,०००.०० | १४३,३५०.०० | ४९.४३ | १००.०० | १४६,६५०.०० | | |
| २४ | २२६१२ भ्रमण खर्च | ८०,०००.०० | ४०,०००.०० | ५०.० | १००.०० | ४०,०००.०० | | |
| २५ | २२७११ विविध खर्च | २५०,०००.०० | १८४,९२०.०० | ७३.९७ | १००.०० | ६५,०८०.०० | | |
| २६ | २८१४२ घर भाडा | १,८००,०००.०० | १,३४४,०००.०० | ७४.६७ | १००.०० | ४५६,०००.०० | | |
| २७ | २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २९०,०००.०० | २८६,५००.०० | ९८.७९ | १००.०० | ३,५००.०० | | |
| | (क)चालु जम्मा | २८,६६३,०००.०० | २४,४१७,९५५.७८ | ८५.१९ | ९२.३५ | ४,२४५,०४४.२२ | | |
| २८ | ३११२२ मेशिनरि तथा औजार | १००००० | ९९,६००.०० | ९९.६ | १००.०० | ४००.०० | | |
| २९ | ३११२३ कार्यालयको फर्निचर एवंम फिक्चर्स | १००००० | ०.०० | ०.० | ०.०० | १,००,०००.०० | रोक्का | |
| | (ख) पुजिगंत जम्मा | २००००० | ९९,६००.०० | ४९.८ | ५०.०० | १००४००.०० | | |
| | कुल जम्मा (क) + (ख) | २८८६३००० | २४५१७५५५.७८ | ८४.९४ | ९१.०६ | ४३४५४४४.२२ | | ७९६ |

| कार्य संचालन कोष तर्फ विविध खाता) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | खर्च/वित्तीयसंकेत नम्बर / नाम | गत आ.व.को मौज्दात | यस आ.व.को आम्दानि | जम्मा खर्च | वितिय प्रगति % | भौतिक प्रगति % | बाँकि बजेट | |
| १ | २२५२२ कार्यक्रम खर्च सिप परिक्षण कार्यक्रम | ० | ११८०२० | ११८०२० | १०० | १०० | ०० | |
| | जम्मा | ० | ११८०२० | ११८०२० | १०० | १०० | ०० | |
| **राजस्व तर्फ** | | | | | | | | |
| क्र . स. | खर्च/वित्तीयसंकेत नम्बर / नाम | यस आ.व.को जम्मा आम्दानि | यस आ.व.मा जम्मा बैक दाखिला | | | | | |
| १ | १४२१२ सरकारि सम्पत्तिको विक्रिबाट प्राप्त रकम | ३२४०७५ | ३२४०७५ | | | | | |
| २ | १५१११ बेरुजु | १४१३७ | १४१३७ | | | | | |
| | जम्मा | ३३८२१२ | ३३८२१२ | | | | | |
| आ.व.०८२र०८३ मा ब.उ.शि.नं. ३५००००१३३ का विभिन्न उपशिर्षकहरुमा रु ६, ४०, ०००/- बजेट रोक्का रहेको थियो। | | | | | | | | |

**चालू आर्थिक वर्षको बजेट:** गण्डकी प्रदेश सरकारबाट प्राप्त चालू तथा पुँजीगत शीर्षकको बजेट।
**शीर्षकगत खर्च:** तालिम सञ्चालन सामग्री, मसलन्द, उपकरण खरिद, मर्मतसम्भार र प्रशासनिक प्रशासनिक खर्चको चौमासिक विवरण सार्वजनिक गरिएको।

**लेखापरीक्षण:** प्रचलित कानुन बमोजिम बेरुजु फछ्र्यौट तथा महालेखापरीक्षकको कार्यालयबाट नियमित लेखापरीक्षण गराउने गरिएको।

**७. सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन**

कार्यालय र तालिम ल्याbका लागि आवश्यक पर्ने मेशिनरी उपकरण, कच्चा पदार्थ र मसलन्द सामानहरूको सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पारदर्शी रूपमा खरिद गरिन्छ। खरिद गरिएका सम्पूर्ण जिन्सी सामग्रीहरूको अभिलेख नियमानुसार जिन्सी खातामाद्यावधिक गरिएको छ।

**८. महत्वपूर्ण निर्णय, नीति, निर्देशिका तथा प्रतिवेदनहरू** गण्डकी प्रदेश सरकारबाट जारी प्रादेशिक श्रम तथा रोजगार नीति, तालिम सञ्चालन कार्यविधि र मन्त्रालयका निर्णयहरूको पूर्ण पालना गरिएको।

**९. व्यावसायिक तथा सिप बिकास तालिम केन्द्र पोखरा आ.व. ०८२/०८३ को बार्षिक प्रगति बिबरण**

**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पोखराको आ.व. ०८२/ ०८३ को वार्षिक प्रगति विवरण**

| क्र. सं. | तालिमको विषय | कार्य घण्टा | जम्मा प्रशिक्षार्थीहरु | | | | | | | | | | | | | | | | | | जम्मा प्रशिक्षार्थी | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | | जनजाति | | | मुश्लिम | | | अपाङ्ग | | | मधेशी | | | अन्य | | | | | |
| | | | म. | पु. | ज. | म. | पु. | ज. | म. | पु | ज | म. | पु. | ज | म. | पु. | ज | म. | पु. | ज. | म. | पु. | |
| १ | आधारभूत कटाई सिलाई | ३९० | १६ | - | १६ | ११ | - | ११ | - | - | - | - | - | - | - | - | - | ३३ | - | ३३ | ६० | - | ६० |
| २ | आधारभूत केश श्रृङ्गार | ३९० | ८ | - | ८ | ११ | - | ११ | - | - | - | - | - | - | १ | - | १ | २१ | - | २१ | ४१ | - | ४१ |
| ३ | मोवाइल मर्मत | ३९० | - | ९ | ९ | १ | १५ | १६ | - | १ | १ | - | - | - | - | - | - | - | १५ | १५ | १ | ४० | ४१ |
| ४ | प्लम्विङ्ग | ३९० | - | १३ | १३ | १ | ५१ | ५२ | - | - | - | - | - | - | - | - | - | २ | ३५ | ३७ | ३ | ९९ | १०२ |
| ५ | विद्युत जडान | ३९० | - | ९ | ९ | - | १९ | १९ | - | - | - | - | - | - | - | - | - | - | ३७ | ३७ | - | ६५ | ६५ |
| ६ | कपाल काट्ने (सैलुन) | ३९० | १ | १२ | १३ | ८ | २० | २८ | - | - | - | - | - | - | - | - | - | १ | २४ | २५ | १० | ५६ | ६६ |
| ७ | मन्टेश्वरी | ३९० | २ | - | २ | ८ | - | ८ | १ | - | १ | - | - | - | - | - | - | ५८ | - | ५८ | ६९ | - | ६९ |
| ८ | वुटिक डिजाइन | ३९० | ३ | - | ३ | ६ | - | ६ | - | - | - | -- | - | - | - | - | - | १२ | - | १२ | २१ | - | २१ |
| ९ | आधारभूत कम्प्युटर | ३९० | २ | - | २ | ३ | - | ३ | - | -- | - | - | - | - | - | - | - | १२ | ३ | १५ | १७ | ३ | २० |
| १० | अटोमोवाइल | ३९० | - | १२ | १२ | - | ७ | ७ | - | - | - | - | - | - | - | - | - | - | २० | २० | - | ३९ | ३९ |
| ११ | एडभान्स पार्लर | ३९० | २ | - | २ | ६ | - | ६ | - | - | - | - | - | - | - | - | - | १३ | - | १३ | २१ | - | २१ |
| १२ | कुक | ३९० | २ | ४ | ६ | २ | १५ | १७ | - | - | - | - | - | - | - | - | - | ६ | १७ | २३ | १० | ३६ | ४६ |
| १३ | मोटरसाइकल मर्मत | ३९० | - | ३ | ३ | - | १६ | १६ | - | - | - | - | - | - | - | - | - | - | १९ | १९ | - | ३८ | ३८ |
| १४ | जुत्ता चप्पल बनाउने | ३९० | १ | - | १ | ६ | २ | ८ | - | - | - | - | - | - | १ | - | १ | ८ | - | ८ | १६ | २ | १८ |
| १५ | वारिष्टा | ७५ | २ | १ | ३ | ३ | ४ | ७ | - | - | - | - | - | - | - | - | - | ४ | ६ | १० | ९ | ११ | २० |
| १६ | मिनि टिलर मर्मत | ७५ | - | १० | १० | - | ३४ | ३४ | - | - | - | - | - | - | - | - | - | - | ४२ | ४२ | - | ८६ | ८६ |
| १७ | नेल आर्ट | ७५ | ६ | - | ६ | ७ | - | ७ | - | - | - | - | - | - | - | - | - | ९ | - | ९ | २२ | - | २२ |
| १८ | डल कुशन बनाउने | ७५ | १ | - | १ | १२ | - | १२ | - | - | - | - | - | - | - | - | - | ८ | - | ८ | २१ | - | २१ |
| जम्मा | | | ४६ | ७३ | ११९ | ८५ | १८३ | २६८ | १ | १ | २ | - | - | - | २ | - | २ | १८७ | २१८ | ४०५ | ३२१ | ४७५ | ७९६ |



तालिम समापन कार्यक्रम



तालिम समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम




तालिम उद्घाटन कार्यक्रम



अटोमोबाइल मर्मत तालिम



जुत्ता चप्पल बनाउने तालिम



कपाल काट्ने तालिम



मन्टेश्वरी तालिम



मोटरसाइकल मर्मत तालिम



कुक तालिम



आधारभूत कम्प्युटर तालिम



कपाल काट्ने तालिम



बुटिक डिजाइन तालिम



बुटिक डिजाइन तालिम



तालिम उद्घाटन कार्यक्रम



विद्युत जडान तालिम



मोबाइल मर्मत तालिम



आधाभूति कटाई सिलाई तालिम



एडभान्स ब्यूटि पार्लर तालिम

## १०. सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारी

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम कार्यालयको सूचना माग गर्न वा गुनासो दर्ता गराउनका लागि सम्पर्क व्यक्ति

**सूचना अधिकारी:** बिष्णु देबी पोखरेल

**सम्पर्क नम्बर:** 9856064511

**कार्यालयको इमेल:** vsdtc12@gmail.com

**गुनासो सुन्ने अधिकारी:** केन्द्र प्रमुख

**प्रकाशन मिति:** २०८३/०५/१५

**अद्यावधिक गर्ने निकाय:** व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, पोखरा, कास्की।